**प्रेस विज्ञप्ति- २३०**

**Press Release-230**

लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०७।१३ गते।

# नियन्त्रित मनोद्दिपक पदार्थ १०९५ एम्पूल सहित २ जना मानिस पक्राउ

मिति २०७५/०७/११ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला सुर्खेत बीरेन्द्रनगर नगरपालिका वडा नं. १० बस्ने बर्ष ३८ को हर्ष बहादुर शाहीलाई नियन्त्रित मनोद्दिपक पदार्थ डाईजेपाम ३००, फेनारगन ३०० र बुप्रिनर्फिन ३००एम्पूल र जिल्ला रामेछाप खाडादेवी गाँउपालिका वडा नं. ०८ बस्ने बर्ष ३८ को झपड बहादुर कार्कीलाई नियन्त्रित मनोद्दिपक पदार्थ डाईजेपाम ६५, फेनारगन ६५ र बुप्रिनर्फिन ६५ एम्पूल सहित जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं. १४ बल्खुबाट पक्राउ गरिएको छ। निजहरूबाट नियन्त्रित मनोद्दिपक पदार्थ जम्मा १०९५ एम्पूल बरामद भएको छ।

पक्राउ परेका मध्ये हर्ष बहादुर शाही सशस्त्र प्रहरी निलबराही गण बलम्बुमा प्रहरी सहायक निरीक्षक पदमा कार्यरत रहंदा २०६४ सालमा कमलादी स्थित बैंकअफ काठमाण्डौ लुटपाटको घटनामा संलग्न रही १० (दश) वर्ष कैद भूक्तान गरी २०७४ सालमा छुटी लागू औषध कारोवारमा संलग्न रहेको व्यक्ति हुन।

निजहरु उपर यस कार्यालयबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।



फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com